CONSTRUCTION INDUSTRY COUNCIL
建造業議會

# रिगर / मेटल फोर्मवर्क इरेक्टर
# स्किल्ड ट्रेड टेस्ट
# नमुना प्राक्टिकल टेस्ट पेपर

此文件關於索具工（吊㖞）／金屬模板裝嵌工工藝測試考題。如有需要索取此文件的中文版本，請致電2100 9000與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of skilled trade test for Rigger/ Metal Formwork Erector. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

MFO (Nepali)

# डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइनसक्छ । यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नु हुँदैन ।*

# सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टरलाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

फोन नम्बर : (852) 2100 9000
फ्याक्स नम्बर : (852) 2100 9090
इमेल : enquiry@cic.hk
वेबसाइट : www.cic.hk


©२०२० कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# ट्रेड टेस्ट पेपर

ट्रेड : रिगर / मेटल फोर्मवर्क इरेक्टर

ग्रेड : स्किल्ड वर्कर

परीक्षाका विषयवस्तु :

1. ड्रइंग 1 अनुसार, मेटल फोर्मवर्क (W1 तथा W2) र सहायक कार्यहरूलाई भत्काउन तथा इरेक्ट गर्नका लागि क्रेन अपरेटरलाई हातले सही सिग्नलहरू देखाउनुहोस्। (35 अङ्क)
   i) मेटल फोर्मवर्क ( W1 तथा W2) र वाल इन्ड स्क्रुहरूलाई भत्काउनुहोस् तथा इरेक्ट गर्नुहोस्।
   ii) वालको मोटाइको आधारमा ,उपयुक्त PVC ट्युबहरू छनोट तथा प्रयोग गर्नुहोस्
   iii) फोर्मवर्कको सतहहरूमा फोर्म आयलको एक तह (कोट) स्प्रे गर्नुहोस्।
   iv) मेटल फोर्मवर्कको भर्टिकालिटी जाँच गर्नुहोस् (1मिटरमा टोलेरेन्स 2mm हुन्छ)

2. ड्रइंग 2 अनुसार ,तोकिएको वर्किङ प्लेटफर्मलाई तोकिएको लेभल माथि लैजान वा तल झार्न सही स्लिङ तथा हातका सिग्नलहरू प्रयोग गर्नुहोस् (15 अङ्क)

3. ड्रइंग 3 अनुसार ,प्रिकास्ट स्ल्याब जडान गर्न सही स्लिङ तथा हातका सिग्नलहरू प्रयोग गर्नुहोस्। (35 अङ्क)
   i) फल्स-वर्क्स तथा प्रोप्स इरेक्ट गर्नुहोस्
   ii) प्रिकास्ट स्ल्याब 2300 x 2350mm को लेभल एड्जस्ट गर्नुहोस्। (1 मिटरमा टोलेरेन्स 2mm हुन्छ)
   iii) एक्सटर्नल वाल किकर (external wall kicker) लाई इरेक्ट गर्नुहोस् तथा भत्काउनुहोस्
   iv) प्रिकास्ट स्ल्याब इरेक्ट गरिसकेपछि र परीक्षकले जाँच गरिसकेपछि ,सबै फल्स-वर्क्स ,प्रोप्सलाई भत्काउनुहोस् गर्नुहोस् र स्टोर यार्डमा लगेर राख्नुहोस्

4. ड्रइंग 4 अनुसार निम्न कार्यहरू पूरा गर्न सही स्लिङ तथा हातका इशाराहरू प्रयोग गर्नुहोस् (15 अङ्क)
   i) फ्याकेड (facade) इरेक्ट गर्नुहोस्।
   ii) फ्याकेडको भर्टिकालिटी जाँच गर्नुहोस् (1 मिटरमा टोलेरेन्स 2mm हुन्छ)
   iii) फ्याकेड इरेक्ट गरिसकेपछि र परीक्षकले जाँच गरिसकेपछि ,फ्याकेडलाई भत्काउनुहोस् र स्टोर यार्डमा लगेर राख्नुहोस्।

टेस्ट टार्गेट: परीक्षार्थीले आफ्नो आवश्यकताहरू अनुरुप गर्नुपर्ने कार्यहरूलाई कसरी गर्नुपर्छ भनेर हाम्रा सहायक प्रशिक्षकलाई बताउनुपर्छ। यसमा माइनर होइस्ट) मा एड्जस्टेबल लेगहरूद्वारा फोर्मवर्कको मेटल भर्टिकलिटी एड्जस्ट गर्ने ,वर्किङ प्लेटफर्मलाई माथि उठाउँदै वा तल झार्दै गर्दा स्क्रुहरूलाई बाहिर निकाल्ने र पुन :भित्र हाल्ने पर्दछन्। सहायक कार्यहरूमा प्रिकास्ट स्ल्याब ,फल्स-वर्क्स तथा प्रोप्स जडान गर्दै जाने पर्दछन्।

| | | |
|---|---|---|
| समय अवधि: | 3घण्टा | |
| ध्यान दिनुपर्ने कुराहरू: | 1) | काम सुरु गर्नुभन्दा अगावै ,परीक्षार्थीहरूले दिइएको" परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू "लाई पढ्नुपर्छ। <br> यदि परीक्षार्थीले परीक्षा अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई अनुत्तीर्ण भएको मानिनेछ। |
| | 2) | यदि परीक्षार्थीले परीक्षा अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई अनुत्तीर्ण भएको मानिनेछ। |
| | 3) | यो प्रश्नपत्र8 पेजको छ। पूर्णाङ्क) फुल मार्क 100 (हो। उत्तीर्णाङ्क) पास मार्क 60 (हो। |

## ड्रइंग 1




## मेटल फोमवर्क स्ट्रक्चरल प्लान




ड्राइंग स्केल अनुसार छैन,
सबै डाइमेन्सनहरू mm मा छन्

# ड्रइंग 2




ड्राइंग स्केल अनुसार छैन,
सबै डाइमेन्सनहरू मिमी मा छन्

# ड्इंग 3




प्रीकास्ट स्लाब र वर्किंग प्लेटफोर्म प्लान




सेक्सन A-A




एक्सटर्नल वाल किकर र वर्किंग प्लेटफोर्म
स्ट्रक्क्चरल डिटेल

ड्राइंग स्केल अनुसार छैन,
सबै डाइमेन्सनहरू मिमी मा छन्

## ड्रइंग 4




फसाड र L एल आकारको रैक्स

ड्राइंग स्केल अनुसार छैन,
सबै डाइमेन्सनहरू mm मा छन्

परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू:

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन्।
2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ।
3. परीक्षार्थीहरूले दिइएका प्रश्नपत्र, ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ।
4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ। अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ। परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूलाई अनिवार्य पालना गर्नुपर्छ।
5. परीक्षामा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र उपलब्ध गरिएका औजार तथा सामाग्रीहरूको पर्याप्तता तथा गुणस्तर चेकजाँच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ। परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ। परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्छ। यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन्।
6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ।
7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ।
8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन।
9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन।
10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ:

    a) ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ
    b) परीक्षाभन्दा पहिला सबै चाहिने तयारी
    c) कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d) कार्यहरूको स्पष्टता तथा गुणस्तर
    e) कार्यहरूको प्रगति
    f) सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने
    g) औजार तथा उपकरणहरूलाई सही ढङ्गले प्रयोग गर्ने
    h) सुरक्षा सावधानीहरूको पालना
    i) अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j) परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ

11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले परीक्षालाई अनिवार्य रोक्नुपर्छ।
12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्छ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ।

**यदि परीक्षार्थीले कुनै पनि आवश्यक सुरक्षा सावधानीहरू पालना गर्न**